स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमालले विदेशी नागरिकता र पासपोर्ट लिए पनि आफ्नो पहिचानलाई जोगाइराख्न आग्रह गरेका छन् । पोर्चुगलको लिस्वनमा आयोजित 'मिट एण्ड ग्रीट' अन्तर्क्रिया कार्यक्रममा बोल्दै हमालले यस्तो बताएका हुन् । जहाँ रहे पनि, जहाँको नागरिकता र पासपोर्ट हात पारेता पनि आफ्नो पहिचान आफ्नै हुने बताए । अभिनेता हमालले दोस्रो पुस्ताका नेपालीलाई आफ्नो पहिचान सिकाउन भूमिका खेल्नुपर्ने बताए ।

आजको विचार...



सुरेन्द्र अवस्थी

नेपाली...

(दुई पेजमा)



जब कोही देशको सिमाना बाहिर जान्छ, उसले राष्ट्रियताको प्रतिनिधित्व गरेको हुन्छ । अक्टोबर २६ मा जापानको टोकियोमा हुने मिस इन्टरनेसनलमा प्रसिद्धि शाहसँग निजी नाम हुनेछैन । स्टेजमा उनलाई 'नेपाल' नामले बोलाइनेछ । 'विदेशमा मैले गल्ती गर्दा पनि नेपालकै नाम आउने भयो । विदेशमा म प्रसिद्धि शाह हुँदिन । त्यहाँ बोलाउने नाम नेपाल हुन्छ । भिन्न खाले दबाब हुने रहेछ,' उनी भन्छिन् । यो दबाब र आत्मविश्वासबीच मिस नेपाल इन्टरनेसनल प्रसिद्धिले अन्तर्राष्ट्रिय संस्करणको तयारी गरिरहेकी छिन् ।

❒ वर्ष २९ ❒ अंक ८२ ❒ २०८० असोज २० गते शनिबार 7 October 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कोशी प्रदेश : मुख्यमन्त्री कार्कीले पाउलान् त विश्वासको मत ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १९/कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आज दिउँसो १ बजे बस्ने प्रदेश सभा बैठकमा विश्वासको मत लिन लागेका छन् । सर्वोच्च अदालतको परमादेशले मुख्यमन्त्री नियुक्त भएका एमाले नेता कार्कीले शनिबार प्रदेशसभामा विश्वासको मत लिन लागेको प्रदेश सरकारका प्रवक्ता बद्रीकुमार कार्कीले एनजेडीलाई जानकारी दिए ।

सर्वोच्च अदालतको परमादेशपछि २२ भदौमा संविधानको धारा १६८ को उपधारा ३ अनुसार मुख्यमन्त्रीमा नियुक्त कार्कीले असोज २० भित्र विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक बाध्यता छ । सोही अनुसार उनले आज विश्वासको मत लिने तयारी थालेका हुन् । तर मुलुकको राजनीतिमा कुनै आश्चर्यजनक परिवर्तन नआए अल्पमतमा रहेका मुख्यमन्त्री कार्कीले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसक्ने प्रस्ट छरु। हालसम्म एमाले नेतृत्वको सरकारमा अन्य कुनै दल सामेल भएका छैनन् । अहिलेसम्म साथ दिँदै आएको ६ सांसद रहेको राप्रपाले समेत एमालेलाई समर्थन नगर्ने भएको छ । विश्वासको मत प्राप्त गर्नका लागि मुख्यमन्त्री कार्की गठबन्धन मध्येका दललाई फुटाउने रणनीतिमा देखिएका छन् । उनी माओवादी, काँग्रेस र एकीकृत समाजवादीमध्ये कुनै एउटा दलको साथ लिएर विश्वासको मत प्राप्त गर्ने रणनीतिमा रहेको एमाले स्रोतले जनाएको छ ।

९३ सदस्यीय प्रदेश सभामा एमालेका सभामुखको भूमिकामा रहेकी उपसभामुख सिर्जना दनुवारसहित ४० सांसदको मात्रै मुख्यमन्त्री कार्कीलाई समर्थन रहेको छ । गठबन्धन दल काँग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जसपाका १ गरी ४७ सांसद रहेका छन् । प्रदेशसभाको अंकगणित अनुसार विश्वासको मत प्राप्त गर्न मुख्यमन्त्री कार्कीसँग ३९ प्रदेश सांसदको मात्रै समर्थन देखिएको छ । गठबन्धन दल काँग्रेसले संसदीय दलको बैठकले नै मुख्यमन्त्री कार्कीलाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ । यसअघि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले एमाले नेतृत्वको सरकारलाई आफ्नो पार्टीको समर्थन नभएको प्रस्ट पारिसकेका छन् । कोशी प्रदेशमा दोस्रो पटक मुख्यमन्त्री बनेका काँग्रेसका उद्धव थापाले पछिल्लो पटक प्रदेश सभाबाट लिएको विश्वासको मत असंवैधानिक भएको सर्वोच्च अदालतले ठहर गरेपछि कार्की दोस्रो पटक मुख्यमन्त्री नियुक्त भएका थिए । यससँगै कोशीमा आठ महिनाको अवधिमा चौथो सरकार निर्माण भएको हो ।

सर्वोच्चले पटक-पटक संवैधानिक मान्यता स्मरण गराउँदै आए पनि दलहरू हरहालतमा सरकार बनाउने र भत्काउने खेलमा लिप्त भएपछि कोसीमा अस्थिरता सिर्जना हुन पुगेको छ । मुख्यमन्त्री कार्की विश्वासको मत प्राप्त गर्न नसके एक महिनापछि पुन:अर्को सरकार बन्ने र दाउपेचको खेलमा त्यसले पनि विश्वासको मत हासिल गर्न नसके कोशी संवैधानिक रूपमै मध्यावधिमा प्रवेश गर्ने निश्चित छ ।






## संक्षिप्त समाचार

### भारतमा बाढीबाट मर्नेहरूको संख्या ४० पुग्यो



**(रासस/एएफपी)**

**गुवाहाटी, भारत,** असोज १९/ भारतको उत्तरपूर्वी क्षेत्रमा आएको बाढीबाट कम्तीमा ४० जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । भारतीय सेनाले बाढीमा फँसेका हजारौँको हेलिकप्टरमार्फत उद्धार गर्ने योजना बनाएको छ ।

उच्च हिमाली भूभागमा अचानक हिमताल विष्फोट भएपछि बुधबार सिक्किम राज्यको दुर्गम क्षेत्रमा हिंसात्मक बाढी आएको थियो । जलवायु विज्ञहरूले विश्वव्यापी तापक्रम बढिरहँदा र हिउँ पग्लिन थालेसँगै यस्तै किसिमका विपत्तिहरू हिमालय क्षेत्रभर बढ्दो खतरा बन्ने चेतावनी दिएका छन् । पानीको बहाव बङ्गालको खाडीतिरको ग्रामीण इलाकामा बढ्न थालेपछि उद्धारकर्मीहरूले राति थप शव फेला पारेका हुन् । सिक्किम राज्यका उच्च अधिकारी भि बी पाठकले भने, 'अहिलेसम्म १९ वटा शव फेला परेका छन् ।' छिमेकी राज्य पश्चिम बङ्गालका एक जिल्ला मजिस्ट्रेट शामा प्रवीणले आफ्नो राज्यमा पछिल्लो तीन दिनमा थप २१ शव फेला परेको जानकारी दिए । सिक्किम राज्य सरकारका अनुसार विद्यालय, सरकारी कार्यालय र गेस्टहाउसहरूमा स्थापना गरिएका राहत शिविरहरूमा करिब आठ हजारले आश्रय लिएका छन् ।



## सुविधा सम्पन्न घर भाडामा


सुन्दर नगर तानसेनको कैलाशनगरस्थित ''होटल रानीमहल'' नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाधरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

***सम्पर्क नं : ९८४७५९७७७०***


# विद्यार्थीमा प्रविधिको प्रयोग बढाइँदै : दैनिक शिक्षकको कोठामा पुग्नै पर्ने निमय

**गल्याङ (स्याङ्जा),** असोज १९/ स्याङ्जाको भीरकोट नगरपालिका-९ साउन्दीस्थित पीपलडाँडा माध्यमिक विद्यालयमा विद्यार्थीहरू शिक्षकको कोठामा पुग्नै पर्ने नियम छ । विद्यालयले प्रविधिको उच्चतम प्रयोग गर्ने नीतिअनुसार विद्यार्थीलाई शिक्षकको कार्यकक्षमा अध्ययनका लागि पुग्नै पर्ने नियम बनाइएको विद्यालयका प्रधानाध्यापक रोमकान्त न्यौपानेले जानकारी दिए ।




उनले आवश्यक शैक्षिक सामग्री, प्रयोगशाला, ल्याब, कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट बोर्डसहित व्यवस्थापन गरिएको विषयका लागि शिक्षकको कार्यकक्षमा विद्यार्थी अध्ययनका लागि जाने गरेको बताए । प्रधानाध्यापक न्यौपानेले एकदेखि कक्षा तीनसम्म ग्रेडिङ प्रणालीबाट शिक्षण सिकाइ क्रियाकलाप भएको भन्दै चारदेखि कक्षा १० सम्म प्रविधिको उच्चतम प्रयोगसहित शिक्षण सिकाइ क्रियाकला सञ्चालन भएको बताए । 'हामीसँग पर्याप्त कक्षा कोठा भएकाले सबै विषय शिक्षकको प्रविधि जडित आवश्यकता अनुसार प्रयोगशाला र शैक्षिक सामग्री राखेर आ-आफ्नै कार्यकक्ष बनाइएको छ', उनले भने, 'चार कक्षा देखि १० कक्षा सम्मका सबै विद्यार्थी घण्टीअनुसार विषय शिक्षक कहाँ गएर अध्ययन गर्ने व्यवस्था मिलाइएको छ ।' शान्त वातावरण, रमणीय दृश्य, उचित खेलमैदान, शुद्ध पिउनेपानी, शौचालयको राम्रो व्यवस्था र प्रविधिको अधिकतम प्रयोगले विद्यार्थीको आकर्षण बढ्दै गएको प्रधानाध्यापक न्यौपानेको भनाइ छ । उनले यो विद्यालयमा गत आर्थिक वर्षमा 'आइसिटी कार्यक्रम' योजनाका लागि छनोट भएर कार्यक्रम लागू भएको बताए । यो विद्यालय ५६ वर्ष पुरानो हो भने यहाँ हाल १८ शिक्षक तथा कर्मचारी कार्यरत छन् । एक सय ४० विद्यार्थी अध्यनरत यस विद्यालयमा चार हजार पुस्तकसहितको पुस्तकालयसमेत छ । सोही विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा तुलसी तिवारीले विद्यालयमा नयाँ शिक्षण सिकाइ पद्धति सुरुआत भएपछि आफुलाई पढाइप्रति जाँगर चल्दै गएको बताइन् । उनले आफूले नजानेका विषयवस्तु शिक्षककै कार्यकक्षमा बसेर कम्प्युटरमा खोज्न पाउँदा ऊर्जा मिल्ने गरेको बताइन् । 'गणित विषयको सन्दर्भ सामग्री पर्याप्त छैन, त्यसलाई बढाए हामीलाई सहज हुने थियो', तिवारीले भनिन्, 'साना कक्षाका भाइबहिनीहरूका लागि समेत उच्च प्रविधि पर्याप्त शैक्षिक सामग्री सहित पढाउन आवश्यक छ ।'

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पर्यटक बढाउन खै ध्यान ?

**कोभिड महामारीका कारण थिलो–थिलो परेको पर्यटन व्यवसायी अहिले तंग्रिन खोज्दै छ तर, पनि नेपालमा जसरी पर्यटक भित्रिनुपर्थ्यो, त्यति पर्यटक आउन सकेका छैनन् । सन् २०२२ मा विदेशबाट ६ लाख १४ हजार पर्यटक भित्रिए, जुन संख्या कोभिड अघि सन् २०१९ को तुलनामा ६५ प्रतिशत मात्र हो । कोभिडले उकुसमुकुस भएर बसेका पर्यटक धमाधम विश्वव्यापी भ्रमणमा निस्किरहेका बेलामा यो संख्या अपेक्षित होइन । अहिलेसम्मको पर्यटक आगमन दरलाई हेर्दा यो वर्ष सरकारले राखेको लक्ष्य पूरा हुने सम्भावना न्यून देखिएको छ । सरकारले यो वर्ष १० लाख पर्यटक नेपाल ल्याउने लक्ष्य राखेको छ । सेप्टेम्बरसम्म ६ लाख ९२ हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यही हिसाबले लक्ष्य पूरा हुने सम्भावना न्यून देखिएको हो । विश्वका पर्यटकीय देशहरूले लय समात्न थालिसकेका छन् । कोभिड अघि पर्यटनलाई त्यति प्राथमिकतामा नराखेका देशहरूले पनि यतिबेला पर्यटक तान्न आक्रामक ढंगले लागिरहेको देखिन्छ । तर, विश्व पर्यटनबाट फाइदा लिन नेपालले समातेको गति भने अत्यन्तै सुस्त देखिएको छ । यो अत्यन्त दुखको कुरा हो । सरकारी नीति र निजी क्षेत्रको बेवास्ताका कारण अझै पनि पर्यटन क्षेत्र सुस्ताएको छ ।**

**आजको दिनमा विश्वको पर्यटन कसरी अगाडि बढिरहेको छ, त्यो ट्रेन्डलाई क्याचअप गर्नेतर्फ केन्द्रित हुनुपर्छ । हामी बदलिँदो विश्व पर्यटनको ट्रेन्ड समाएर अगाडि बढ्न सक्यौँ भने मात्र हाम्रो पर्यटन उद्योगले फस्टाउने मौका पाउँछ । मुलुकभर स्तरीय होटल तथा रिसोर्ट निर्माण भइरहेका छन् । पूर्वाधारमा प्रत्येक वर्ष लगानी थपिइरहेको अवस्था छ, तर उनीहरुले पनि अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा जोड दिन सकेका छैन । होटेल बनाउन पाँच अर्बसम्म खर्च गर्ने तर होटेलको प्रचार–प्रसार गर्न पाँच लाख पनि खर्च गर्न डराउने ? यस्तो अवस्थाले पर्यटन फस्टाउन सक्दैन । निजी क्षेत्रले अन्तर्राष्ट्रिय मार्केटिङमा दिल खोलेर खर्च गर्नुपर्छ । पर्यटक आउनका लागि पूर्वाधार निर्माण भएर मात्र हुँदैन । मुख्य विषय पर्यटकलाई आकर्षित गर्न सक्नुपर्छ । पर्यटक धेरै ल्याउन नसकेको मात्र होइन, आएका पर्यटकलाई पनि महँगोमा सेवा बेच्न सकेका छैनौं । पर्यटकको खर्च र बसाइ अवधि बढाउन सके पनि अहिले आएका पर्यटकबाट थप राहत हुने थियो । त्यस्तो वातावरण पनि बनाउन सकिएको छैन । यसर्थ पर्यटकहरु वृद्धि गरी पर्यटन क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रको ध्यान जान जरुरी छ ।**

## Opinion @ Social Network

मुस्किल भएर नै जिन्दगी भनिएको हो,
सुन्दर भएको भए त सपना भनिन्थ्यो !
*(प्रेम न्यौपानेको फेसबुक स्टाटस https://www.facebook.com/prem.neupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली युवा नेताले बिराएको बाटो



**सुरेन्द्र अवस्थी**

***युवा नेताहरू तरकारी किसानको खेतमा गएर उसका पीडा व्यथा सुन्दैनन् बरु उनीहरूको तस्कर हरूसँग रात्रि भोज गरिरहेको तस्बिर देखिन्छ । कुनै पनि युवा नेता त्रिभुवन विमानस्थलमा गएर विदेशिँदै गरेका युवा युवतीसँग कुराकानी गर्दैनन् । चुनावको बेला उकाली ओराली गर्दै भोट माग्न गाउँघर पुग्नेहरू चुनाव जितेपछि गरिब जनतासँग उकाली ओराली कहिल्यै हिँड्दैनन् । तराईका उखु किसानका व्यथा सुन्न उनीहरूको घरमा गएको खबर जनताले सुन्न पएका छैनन् । तुइन चढेर स्कुल जाने नानीबाबुहरूसँग २–४ घण्टा बिताउन कुनै पनि युवा नेताले भ्याएका छैनन् ।***

नेपाली युवा पुस्तालाई राजनीतिमा अगाडि आउन र जनमानसले पत्याउन निकै कठिन अवस्था छ । राजनीतिमा प्रवेश गर्नु पहिले नेपालको भौगोलिक अवस्था, हावापानी र आर्थिक तथा सांस्कृतिक अवस्थाबारे बुझ्न आवश्यक हुन्छ । तर युवा पुस्ताले यी पक्षका बारेमा स्थानीय तहमै गएर बुझ्न चाहेको देखिँदैन । उनीहरू केवल विरासतको राजनीतिका लागि मात्र प्रतिस्पर्धामा आएका छन् । राजनीतिक विरासत जस्तोसुकै उच्च भए पनि नेपालको भूगोल, नेपाली जनजीवन, गरिबी र आर्थिक समस्याबारे पूर्ण ज्ञान नभई गहन राजनीतिक ज्ञान आर्जन गर्न सकिँदैन । यस्तो ज्ञान आर्जनका लागि भारतीय एक युवा नेताले गरेको प्रयास यहाँ उल्लेख गर्नु उचित देखिन्छ ।

ठूलो राजनीतिक विरासत भएको परिवारबाट आएका राहुल गान्धीले ३४ वर्षको उमेरमा इन्डियन नेसनल कांग्रेसबाट आफ्नो राजनीतिक यात्रा सुरु गरे । ५३ वर्षका राहुल गान्धीका जिजु हजुरबुवा पण्डित जवाहरलाल नेहरू, हजुरआमा इन्दिरा गान्धी र बुवा राजीव गान्धी भारतका पूर्वप्रधानमन्त्री हुन् । विश्व प्रख्यात हार्वर्ड तथा क्याम्ब्रिज जस्ता विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका उनले कलामा एमफिल गरेका छन् । बहुप्रतिभाशाली उनमा बुवा राजीव गान्धी जस्तै जहाज उडाउने कला छ भने खेलकुदमा पनि उत्तिकै रुचि राख्ने उनी जापानी मार्सल आर्ट आइकिडो ब्ल्याक बेल्ट हुन् । उच्च शिक्षापछि लन्डनमा जागिर गर्दै भारत फर्किएर केही समय आफ्नै व्यवसाय सुरु गरेका थिए उनले । त्यसपछि सन् २००४ मा पूर्णरूपमा राजनीतिमा आई सन् २०१७ देखि २०१९ सम्म इन्डियन नेसनल कांग्रेसको अध्यक्ष भइसकेका उनीमा राजनीतिक परिपक्वता भने थिएन । उनका भाषणहरू विपक्षी दलका निम्ति कटाक्ष गर्ने राम्रो खुराक बन्थे । उच्च शिक्षा हासिल गरेको एउटा युवा नेताले बोलेको कुरा सुन्दा कस्तो लाग्थ्यो भने उनलाई कसैले जबर्जस्ती राजनीतिमा अल्झाइदिएको छन् । मानौँ एउटा व्यापारीले आफ्नो पुर्ख्यौली व्यापार अगाडि बढाउन जसरी आफ्नो ज्येष्ठ पुत्रलाई जबर्जस्ती सीईओ नियुक्त गर्दछ । उनका अभिव्यक्तिमा न कुनै तर्क हुन्थ्यो न कुनै जनताको सरोकारको विषय लुकेको हुन्थ्यो । सार्वजनिक कार्यक्रम होस्, सदनको बैठक वा पत्रकार सम्मेलन, उनी मनलाग्दी बोल्थे । अनि हाँस्यको पात्र बन्थे । उनका अभिव्यक्ति अहिले पनि सामाजिक सञ्जालमा प्रयोग गरिन्छन् । कुनै तुकबिनाका उनका अभिव्यक्तिले गर्दा विपक्षी दल (अहिलेको सत्तापक्ष लगायत अरू) तथा भारतीय जनताले उनलाई पप्पु भनेर खिल्ली उडाउने गर्दथे । सन् २०२२ सेप्टेम्बर ७ मा उनै राहुल गान्धी भारतको कन्याकुमारीबाट काश्मीरसम्मको पैदल यात्रा गर्ने निधो गर्दछन् । त्यो यात्राको नाम दिन्छन ‘भारत जोडो यात्रा’ । यो यात्रा सुरु गर्नुभन्दा पहिला राहुल गान्धी भारतमा मेहज एक मजाकको पात्रका रूपमा हेरिन्थे । यात्राका क्रममा उनी दिनहुँ आफ्ना कार्यकर्तासँग २५ देखि ३० किमि हिँड्थे र राति परेपछि सडक नजिकैको कुनै एउटा स्थानमा आफ्ना लागि विशेष गरी तयार पारिएको गाडीमा रात बिताउँथे । यो यात्राको पनि विपक्षी दल (अहिलेको सत्तापक्ष लगायत अरू) अनि सत्तापक्षको चप्लुसी गरी नथाक्ने भारतीय मिडियाहरू खिल्ली उडाउँथे । राहुल भने भारत जोडो यात्रामा अग्रसर हुँदै गए । यात्राका क्रममा उनले राजनीति केका लागि अनि कसका लागि गरिन्छ भन्ने दिनानु दिन बुझ्दै गए र यथार्थमा देश अनि जनतालाई बुझ्ने मौका पाए ।

उच्च घरानाका उनले सायद यो यात्राभन्दा पहिले कहिल्यै पनि सडकमा हिँड्ने, गरिबसँग भलाकुसारी गर्ने मौका पाएका थिएनन् होला । यात्रामा सानाठूला, महिला–पुरुष, के वृद्ध–वृद्धा, युवायुवती, किसान, मजदुर सबैसँग विभिन्न ठाउँमा भेट्दै उनीहरूसँग कुरा गर्दै उनी यात्रामा अगाडि बढे । धुलो, धुवाँ, गर्मी, चिसो, झरी, हिउँ सबै खाले प्रतिकूल मौसम अनि परिस्थितिको सामना गर्दै उनी हिँडिरहे र आफूले तय गरेको ४०८० किमिको भारत जोडो यात्रा १३५ दिनमा काश्मीर पुगेर सम्पन्न गरे । यात्रापछि उनी संसद्मा आएर निमुखा जनताका आवाज, भ्रष्टाचारका मुद्दा, मूल्य वृद्धिका मुद्दा, बेरोजगारीका मुद्दा, गरिब किसानका मुद्दा सशक्त रूपमा उठाउँन थाल्छन् । संसद्मा बाहेक कहिले उनी जेएनयूमा गएर छात्रछात्राहरूसँग कुराकानी गर्दै उनीहरूसँग खाना खान्छन् । कहिले ट्रक चालकसँग बसेर कुराकानी गर्दै ट्रकको यात्रा गर्छन् त कहिले मोटरसाइकल मेकानिकसँग काम गर्दै कुराकानी गर्छन् । कहिले गरिब किसानका खेतमा गएर रोपाइँ गरी उनीहरूले पकाएको खाना खान्छन्, त कहिले मोटरसाइकल चढेर लद्दाखको यात्रा गर्छन् । उनी गरिब, किसान, महिलहरूलाई दिल्ली घुमाई आफ्नो निजी निवासमा बोलाएर दिवा भोज दिन पनि भ्याउँछन् । उनी गरिब किसानले सञ्चालन गरेको सब्जीमन्डीमा गएर किसानका समस्या सुन्न थाल्छन् । यत्ति मात्रै होइन उनी रेलवे प्लेटफर्ममा गएर भरियाको पहिरन लगाई उनीहरू जस्तै भारी उठाउँछन् । स्वदेशमा मात्रै होइन उनी विदेशमा पनि भारतीय मुलका ट्रक चलाकहरूसँग उनीहरूकै ट्रकमा यात्रा गर्दै कुराकानी गर्न थाल्छन् । उच्च सुरक्षा खतराका बीच यो सब गर्नुको उनको अभीप्राय देश र जनतालाई बुझ्न खोज्नु नै हो । ‘भारत जोडो यात्रा’ पछिका राहुल गन्धीलाई अहिले वक्ताका रूपमा आमन्त्रण गर्ने विदेशका प्रख्यात विश्वविद्यालय तथा विदेशी मिडियाहरूको लर्को छ । यो एक वर्षको अन्तरालमा राहुल गान्धीमा ठुलो परिवर्तन पक्कै आएको छ । यति छोटो समयमा एउटा व्यक्तिले अफूमा यस्तो ठूलो परिवर्तन ल्याउन सक्नु पनि सह्रानीय हो । ‘भारत जोडो यात्रा’ पछिका राहुल गान्धी धेरै नै बदलिएका छन् र उनको बोलीमा गहिराइ अनि पाकोपन आएको छ ।

राहुल गान्धीबाट नेपालका युवा नेताहरूले सिक्नु पर्ने कुराहरू धेरै छन् । प्राय: नेपालका सबै प्रमुख पार्टीहरूमा राहुल गान्धीकै उमेरका नेताहरू प्रशस्त छन् । उनीहरू धेरै जसो जहाँजमा उड्छन् अनि सुविधा सम्पन्न सहर बजारका कार्यक्रममा जान्छन् । जतिसक्यो छिटो काठमाडौँ फर्किन्छन् । कहिल्यै पनि कुनै पार्टीका युवा नेताहरू नेपालका कुना कान्दरा गएर गरिब निमुखाको माझमा बसेको सुनिँदैन । उनीहरू आफ्ना भ्रातृ संगठनहरूले आयोजना गर्ने कार्यक्रममा जान्छन् अनि फूल, माला र खादा गलामा भिर्छन् र सेल्फी खिच्नमै व्यस्त हुन्छन् । कुनै पनि पार्टीका युवा नेताहरू जुम्ला, हुम्ला, डोल्पा, दार्चुला, ताप्लेजुङ, सप्तरी, सिरहा आदि जिल्लाहरूका गरिबसँग २, ४ घण्टा बसेर उनीहरूका समस्या सुनेको खबर न त सञ्चार माध्यममा आउँछ, न त सामाजिक सञ्जालमा नै आउँछ । आफूलाई भविष्यको देशको कार्यकारी देख्ने युवा भनउँदा नेताहरूले साँच्चिकैको नेपाल बुझ्न उच्च जीवन शैली भएका जनतासँग होइन, गरिब निमुखा नेपाली जनतासँग समय बिताउनु पर्दैन र ? सर्वहारा वर्गको आवाज उठाउँछौं भन्ने पार्टी, जसले गरिब जनताको दुई छाकमध्येको एक छाक भात खाएर जनयुद्ध लड्यो त्यो पार्टीका नेताहरूले त चुनावबाहेक जनतामा जाने बाटो नै बिर्सी सकेका छन् । युरोप अनि अमेरिकी देशहरूमा जान लालायित हुने युवा नेताहरू आफ्नो देशका विकट जिल्लामा जाने प्रयास गरेको कहिल्यै सुनिँदैन । कर्णालीका गरिबहरूले हिँड्ने गोरेटो बाटो हिँडेको खबर कहिल्यै सुनिँदैन । कुनै पनि नेताले किसानको खेतमा गएर रोपाईं गर्दै उसको कुरा सुनेको खबर सुनिँदैन । कुनै पनि युवा नेत्रीले गाउँमा घाँस काट्ने किसान महिलाका साथमा बसेर भलाकुसारी गरेको, खेतबारीमा बसेर उनीहरूसँग खाजा खाएको सुनिँदैन, देखिँदैन । तर भाउजू र मेडमहरूका पछि दौडिएका खबर प्रशस्तै सुनिन्छ । युवा नेताहरू तरकारी किसानको खेतमा गएर उसका पीडा व्यथा सुन्दैनन् बरु उनीहरूको तस्करहरूसँग रात्रि भोज गरिरहेको तस्बिर देखिन्छ । कुनै पनि युवा नेता त्रिभुवन विमानस्थलमा गएर विदेशिँदै गरेका युवा युवतीसँग कुराकानी गर्दैनन् । चुनावको बेला उकाली ओराली गर्दै भोट माग्न गाउँघर पुग्नेहरू चुनाव जितेपछि गरिब जनतासँग उकाली ओराली कहिल्यै हिँड्दैनन् । तराईका उखु किसानका व्यथा सुन्न उनीहरूको घरमा गएको खबर जनताले सुन्न पएका छैनन् । तुइन चढेर स्कुल जाने नानीबाबुहरूसँग २–४ घण्टा बिताउन कुनै पनि युवा नेताले भ्याएका छैनन् । यो सबभन्दा फरक बरु उनीहरू सहर बजारका कार्यक्रममा युरोप अनि अमेरिकी विकास मोडेलको सपना बर्बाराउछन् ।

नेपालको विकास अनि समृद्धिको सपना देखाउनेहरूले अब पहिले जनतालाई आधारभूत विकासको महसुस गराउन सक्नु पर्छ । त्यो विकास जनतामाझ नपुगीकन काठमाडौँ अनि देशका ठूला सहरका उच्च घरानाहरूसँग उठबस गरेर मात्रै हुनेवाला छैन भन्ने कुरो कहिले बुझ्ने ? नेपालका लागि आफ्नै विकास मोडेल हुनुपर्छ र त्यो विकास मोडेल बनाउन यथार्थमा जनता अनि देशको भूगोलसँग घुलमिल भएर मात्रै सम्भव छ भन्ने कुरोको ज्ञान उनीहरूमा कहिले आउने ? साँच्चिकै देश विकास गर्ने मनशाय यदि नेपालका राजनीतिक दलका युवा नेतामा छ भने उनीहरूले अफूलाई परिवर्तन गर्नु जरुरी छ । चाहने र आँट गर्ने हो भने आफूमा ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने दृष्टान्त हेर्न छिमेकी मुलुकका राहुल गान्धीलाई हेरे पनि पुग्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक झन्झट आइलाग्न सक्छ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ । | **तुला** : विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ । |
| **वृष** : मनोरञ्जनमा अभिरुचि जाग्नेछ । स्वास्थ्यको क्षेत्र मध्यम रहनेछ । | **वृश्चिक** : विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ । |
| **मिथुन** : शुभ कार्यको योग छ । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **धनु** : पदोन्नतिको ढोका खोलिनेछ । प्रेमीको सहयोग पाईनेछ । |
| **कर्कट** : दाम्पत्य जीवन सुखमय हुनेछ । धार्मिक यात्राको योग छ । | **मकर** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **सिंह** : पारिवारीक झमेला आउला । कुविचारमा मन जानेछ । | **कुम्भ** : प्रिय व्यक्तिसंग भेट घाट हुनेछ । लाभदायक यात्रा पनि होला । |
| **कन्या** : शुभ-अशुभ दुवै समाचार सुनिएला । मित्र संग मीठो भेट घाट रहनेछ । | **मीन** : अधूरा कार्यले गतिलिन सक्छ । आफन्तहरूको साथ र सहयोग पाईनेछ । |

# साहित्य दर्पण

हाँस्यव्यङ्ग्य

नगिता राई लेप्चा

## कुकुरको पुच्छर

म बसेकी सहर विशाल र भव्य छ । तर यो सहरको छात्तीभरि हिलो बोकेको छ । मानिसहरूको भीड जताततै । गाडी, ट्रक, टोटो, अटो, बाइकको दुगुराइ । डिजेल, पेट्रोल धुँवा । एम्बुलेन्स, फायर ब्रिगेड, नेताहरूका गाडीको एक किसिमको ह्वाँ....ह्वाँ । ट्राफिक पुलिस ट्राफिक सम्हाल्दा हैरान छन् । फुटपाथभरि दोकानै-दोकानै । मेरो सहरमा फुटपाथमा हिँड्छु भन्ने नसोँच्दा पनि हुन्छ । बजार, बाटा कतै पनि खुट्टा टेक्ने ठाउँ छैन । बसको अवस्था उस्तै छ । यात्रीहरू बसको गेटैमा चमेराजस्तो भुण्डिएर आफ्नो गन्तव्यस्थलमा गइरहेका छन् । सबैलाई हतार । फुर्सद कसैलाई छैन यहाँ । सबै आफ्नै धुनमा हिँडिरहेका छन् । कसैलाई कसैको वास्ता र परवाह छैन ।

हामी कुनि कस्तो भइसकेका छौं । वायु, शब्द, राजनैतिक तथा तँ तँ र म मको दूषणले यो मेरो विशाल र भव्य सहरलाई साइनोसाइटिस भएको छ । ढ्याब्रे नाक छ तर घ्राण शक्ति छैन । गुलाबको सुगन्ध नाकमा पस्दैन, माछा बजारको कुहेको दुर्गन्ध पनि यो नाकको दुलामा पस्दैन । यो सहरमा हिँड्ने सबैको नाक थेत्तर भएको छ । आँखा छन् । दुइ-दुइ वटा । तर दृष्टि छैन । दाह्री सेभिङ गर्ने बेलामा यहाँका पुरुषहरू दिनमा एकैपल्ट मात्र ऐना हेर्ने गर्छन् । अन्ली वान टाइम । यो सहरमा आँखा-आँखा जुध्छन् । स्त्रीहरू धेरैपल्ट ऐना हेर्ने गर्छन् । कहिले केशराशी, कहिले सर्वाङ्ग शरीर । कहिले वाओँठ । यसबेला स्त्रीहरू अत्यन्तै व्यस्त देखिन्छन् । आफ्नै धुनमा हिँड्दा-हिँड्दै भीडहरूमा आफ्नै लोग्ने ठानी आफ्नै लोग्नेलाई तिरस्कार गर्छन् । छड्के आँखाले हेरिदिन्छन् । यहाँको नामी स्कूलबाट बसमा आएको छोरोलाई तान्दै ल्याएर आमाले सोध्छिन्- तँ को होस् ? छोरो मलिन स्वरमा भन्छ - मैले त बसबाट ओर्लिने बित्तिकै भनिरहेछु... आण्टी मलाई कहाँ लानुहुँदैछ ? तपाईले मेरो कुरा केही सुन्नु नै भएन । फतफतिँदै मलाई तानेको तानेकै गर्नुभयो ।

हामी जुन बाटामा हिँड्छौं त्यसका दुवैतिर के छ हामीलाई नै थाहा छैन । यतिसम्म कि यो सहरमा हामीले आफ्नो घर समेत नचिन्ने भइसकेका छौं । चारैतिर गगनचुम्बी फ्ल्याट । फ्ल्याटको कुनामा जीर्ण घर । यति मात्रै थाहा छ .... हाम्रो घरमा एउटा खाट छ.. एउटा टिभी । यसरी हामी दिन दिनै आफैलाई भुलक्कड हुँदै जाँदैछौं । आफैले आफैलाई नचिन्ने समय आइसकेको छ । यो विशाल सहरमा हामी यति व्यस्त भएका छौं... सामान्य कुरा सोँच्ने फुर्सद समेत छैन । गिजा दुःखे मात्र दाँत भन्ने चिज रहककछ भन्ने बुझ्छौं । कनजनभाइटिस् भए मात्र दुइवटा आँखा रहेछन् भन्ने अनुमान हुन्छ । डाइरिया भए मात्र पेटको अस्तित्व थाहा हुन्छ । यो सहर यस्तै छ । कसैलाई कुनै कुराको अत्तोपत्तो छैन । देश खाएर शेष भएर आयौं भने मात्र थाहा हुन्छ देशभरि गणतन्त्र चल्दैछ । जे छ त्यहीँ रहन्छ । जे हुँदैछ त्यही हुन्छ । नो चेन्ज..सबै एइ इट इज । अचानक फुटपाथका दोकानहरू भत्काइन्छन् यहाँ । धुँवा नापेर चारचक्के, दुइ चक्केको लाइसेन्स खारिज गरिन्छ । दुइचक्के, चारचकेवालको हेलमेट जाँचिन्छ । हेलमेट हुने त ठिकै छ...बाँच्यो, नहुने हेलमेटवालहरू दुइदेखि चारहजारसम्म फाइन । समय समयमा विभिन्न संस्थाहरूको प्रयास सहर सफाइ अभियान । सहरलाई स्वच्छ र हरियै पार्नुपर्छ भन्ने सुगा रटाइ स्लोगान । केही ब्यानर, केही होर्डिङ । यो मेरो सहर यस्तै छ । यहाँ सबै राम्रो छ । सबै ढुक्क र मस्त छन् । लाखौं मच्छड, करौडौं झिंगाको राजधानी मेरो सहर । सबै रोगी । रोगी जति सबै सरकारी अस्पतालमा लाम लाग्छन् । त्यहाँ पानी बाहेक सबै थोक किन्नुपर्ने अवस्था छ ।

भोट आउँदा हरेक नागरिकको कदर बढ्छ । हामी पनि फुर्के भएर प्राणभन्दा प्यारा नेताको नाममा बीस-पच्चीसवटा भोट हालिदिन्छौं । यो हाम्रो बहादुरी हो, वीरत्वको सिम्बल । हाम्रा पूर्खाहरूले सिमानामा बन्दुक, तोपको गोला पड्काएर, सिरुपाते खुकुरी उज्याएर शत्रुहरूलाई लेखेटे । अहिले हामीले यसरी नै भोट हालिदिएर विरोधी दललाई ब्यालेट बक्स युद्धमा धराशायी पार्ने गरेका छौं । भोट सकिएपछि खायो भाँडो मिल्कायो ठाँडो गर्छन् हामीलाई । हामीलाई त्यसको कुनै असर पर्दैन । किनभने हाम्रो जाति नै सहनशील संवेदनशील जाति । हामीलाई नेताहरूले ठाँडा नै बनाइसकेका छन् । भोट दिँदा फाटेको कोटजस्तो भइसक्यो हाम्रो अवस्था । हाम्रो जीवन थाङ्ना जस्तै भइसकेको छ । लाटाको धोतीजस्तो भइसकेको छ हाम्रो जिन्दगी । फिजिकल्ली अनि साइक्लोजिकल्ली हामीलाई नचल्ने दुअन्नी बनाएकै हो । हामी खासमा भीरको चिण्डो हौं । हाम्रो गाउँका राइँला मामा मातेका बेला जहिले पनि भन्छन्- हामी सुँगुरे जीवन बाँचिरहेका छौं ...पीगस्टाइल लिभिङ । हो पनि माटने माञ्छेहरू अकाट्य सत्य बोल्छन् । हाम्रो अवस्थाप्रति राइँला मामा मातेका बेला यसरी गाउँछन् -
जीवनदेखि धेरै धेरै नै थाकेर
म मुर्दा भएको तिमी आज हेर .....

साँच्चै नै हामी यहाँ यो सहरमा मुर्दाकै जीवन बिताइरहेका छौं । हामीलाई भोटमा यूज मात्रै गर्छन् नेताहरू । भोट सकेर भोट जितेपछि भोटभन्दा अघि म्याउँ म्याउँ गर्नेहरू नेताहरू कुनै काम पर्दा उनलाई भेट्न जाँदा बाघजस्तै गर्जिन्छ ।

नेताको यस्तो व्यवहार देखेर अर्कोपाली तँलाई इस् भोट हालुँला भन्दै दारा किट्छौं । फेरि भोट आउँछ फेरि पाँच वर्षमा । हामी उनै नेतालाई जिताउन आफ्नै छर छिमेसित शत्रुता गर्छौं । जसरी हुन्छ नेतालाई जिताई छोड्छौं । यस्तो अवस्था देखेर भन्न मन लाग्छ, हामी कुकुरको पुच्छर हौं । लाख कोशिष गरेपनि वा बाह्र वर्षसम्म ढुंग्रोमा हालेर राखे पनि बरू ढुंग्रो बाँगेला तर पुच्छर सोझो कहिल्यै हुन्न । गाउँ-समाजको विकास गर्छु भनी स्वतन्त्र उम्मेद्वारको रुपमा भोट माग्छन्... जित्छन् पनि । तर सामान्य पैसाको लोभमा बिक्री भएर स्वतन्त्र उम्मेद्वार पार्टीसित संलग्न हुन्छन् । यो कुकुरको पुच्छरकै नमूना होइन । हामीले हाम्रो पुच्छरलाई कुकुरकै पुच्छर बनाई छोड्यौं । यो कुकुरको पुच्छर कहिले सोझो होला ?

*-समकालीन साहित्य डटकम*

*समय समयमा विभिन्न संस्थाहरूको प्रयास सहर सफाइ अभियान । सहरलाई स्वच्छ र हरियै पार्नुपर्छ भन्ने सुगा रटाइ स्लोगान । केही ब्यानर, केही होर्डिङ । यो मेरो सहर यस्तै छ । यहाँ सबै राम्रो छ । सबै ढुक्क र मस्त छन् । लाखौं मच्छड, करौडौं झिंगाको राजधानी मेरो सहर । सबै रोगी । रोगी जति सबै सरकारी अस्पतालमा लाम लाग्छन् । त्यहाँ पानी बाहेक सबै थोक किन्नुपर्ने अवस्था छ । भोट आउँदा हरेक नागरिकको कदर बढ्छ । हामी पनि फुर्के भएर प्राणभन्दा प्यारा नेताको नाममा बीस-पच्चीसवटा भोट हालिदिन्छौं । यो हाम्रो बहादुरी हो, वीरत्वको सिम्बल । हाम्रा पूर्खाहरूले सिमानामा बन्दुक, तोपको गोला पड्काएर, सिरुपाते खुकुरी उज्याएर शत्रुहरूलाई लेखेटे । अहिले हामीले यसरी नै भोट हालिदिएर विरोधी दललाई ब्यालेट बक्स युद्धमा धराशायी पार्ने गरेका छौं । भोट सकिएपछि खायो भाँडो मिल्कायो ठाँडो गर्छन् हामीलाई । हामीलाई त्यसको कुनै असर पर्दैन । किनभने हाम्रो जाति नै सहनशील संवेदनशील जाति । हामीलाई नेताहरूले ठाँडा नै बनाइसकेका छन् । भोट दिँदा फाटेको कोटजस्तो भइसक्यो हाम्रो अवस्था । हाम्रो जीवन थाङ्ना जस्तै भइसकेको छ । लाटाको धोतीजस्तो भइसकेको छ हाम्रो जिन्दगी ।*

कथा

गणेश लाठ

## उमेर भर्सेस् आयु

नरेन्द्रमान असी काटिसके पनि हिजोसम्म तन्नेरीहरू जति उफ्रिउफ्री काम गर्थे । आज बिहान आफ्नै घरको करेसाबारीमा झिनामसिना काम गर्दै थिए । एकाएक असिनपसिन भएर त्यहीँ ढले । उनलाई कर्डियक अरेस्ट भएको थियो । धन्न, ठूली दुलही, सुमित्रा आफैं नर्स भएर सिपिआर गर्न जानेकी थिई । ठीक समयमा डाक्टर र उपकरणसहितको एम्बुलेन्स पनि आइपुग्यो । झण्डै पन्ध्र दिनसम्म उनलाई अस्पतालमा राखियो । बल्ल, घर फर्किने अनुमति पाएका छन् । डाक्टर भन्छन्, "उनको मुटुको कार्यक्षमता आधी भएको छ ।" आफ्नो जीवनमा सुगर र प्रेसरबाहेक केही नभोगेको मान्छेलाई दिनको थप आधा दर्जन औषधी खानु पर्ने बाध्यता आइलाग्यो । विभिन्न सामाजिक बैठकहरूमा दिनभरि व्यस्त रहने मान्छेलाई घरबाहिर गोडा टेक्न बन्देज लाग्यो । प्रत्येक साँझ उनी टोलकै एक चिया पसलमा चिया खाँदै समकक्षी बुढाहरूसित बात मार्ने गर्थे । त्यो थातथलो पनि खोसियो । आफ्नो करेसाबारीमा बिहानको दुई घन्टा समय बिताउँथे, त्यति गर्न पनि अनुमति पाएनन् । उनको अवस्था नजरबन्दीजस्तो भएको छ । बिचरा छोराबुहारीहरूले पनि के गरून् ? डाक्टरको आदेश नै त्यस्तो छ, "समस्या अलि कडा नै छ । ध्यान दिनु भएन भने केही पनि हुन सक्छ ।" छोरो सहकुल खानेपानीमा प्रबन्धक छ भने बुहारी सुमित्रा सञ्जवनी अस्पतालमा कार्यरत छे । उनीहरू केही दिनसम्म नरेन्द्रमानको सेवामा अहोरात्र लागिरहे । तर कति दिनसम्म काम नगरेर बस्ने, 'भुखे पेट होवे ना गोपाला' काममा जान थाले । तथापि दिनमा तीन चारपटक भिडियो कलमार्फत् हालखबर लिइराख्छन् । साथै उनको सेवामा एक जना सुसारे राखिछोडेका छन् । नरेन्द्रमानकी श्रीमती, नन्दिनीको ज्यान आफैं रोगिलो छ, घुँडाहरू काम गर्न छाडेका छन् । "यो नखाइसियोस्, त्यो मात्र खाइसियोस् । यता चिसोमा नबसियोस् । गोडामा चप्पल खोई ?" निकै कडा निगरानी छ श्रीमतीको पनि ।

बाथरूम जानलाई उठ्न खोज्दा सुसारे उफ्रिँदै आइपुग्छ, हात समाउन खोज्छ । बाथरूमको ढोकैमा गएर उभिदिन्छ । आधा घन्टा बित्न पाएको हुँदैन, रङ्गरूप, स्वाद क्यै नभएको खानेकुरो आइपुग्छ । अनि नाई भन्न नमिल्ने । नाकमुख खुम्च्याएर खानै पर्ने । बिहान-बेलुका ब्लडप्रेसर, पल्सरेट, अक्सिजन लेबल र तामक्रम जाँच्ने मान्छे पनि आइराख्छ । नरेन्द्रमानको सबैभन्दा जेठो नाति, अभिमन्यु बैङ्लोरमा मास्टर्स गर्दै छ । हजुरबा सिकिस्त छन् भनेर थाहा भएपछि ऊ कुद्दै आयो, एक साता बसेर फर्कियो । उसलाई पनि आफ्नो परीक्षाको तैयारी गर्नु पर्ने । दुई जना नातिनातिना अझै छन्, उनीहरू दिनभरि स्कुलक्लेजमै हुन्छन् । दिउँसोको बेला उनको छेउमा बसेर गफिनेहरूमध्ये श्रीमतीबाहेक कोही हुँदैन । एकछिनको गफपछि श्रीमती पनि अघाउँछिन् । साँझ एकएक गरी सबै जना फर्किन्छ । हालखबर सोध्छन्, समयमै औषधी र खानेकुरो लिनुभयो कि भनेर थाहा गर्छन् । एकछिनपश्चात् सबै जना आफ्नो दुनियामा पुनः हराउँछन् । कोही टिभीमा व्यस्त हुन्छ, कोही कुनै मित्रको जन्मदिन अथवा वैवाहिक वर्षगाँठको पार्टीमा हिँड्छ । कोही आफ्नो कोठामा पल्टिएर साथीहरूका साथ गफिन थाल्छ । नातिनी, कृतिका कहिलेकाहीँ आफ्ना हजुरबाका साथ अलि रमाइलो गर्न खोजी भने उफ्रिँदै उसका अभिभावकहरूमध्ये कोही न कोही आइपुग्छ, "हजुरबालाई किन हैरान पारेकी ? उहाँलाई सञ्चो छैन । अस्ति नै सम्झाएको होइन ।" तानेर अन्यत्र लान्छ । नातागोताका मान्छे भेट्न आउँदा आँखाभरि दया र सहानुभूतिका भाव बोकेर आउँछन् । सबैको अनुहारमा बाह्र बजेको हुन्छ, मानौं मर्न अँटिको मान्छेलाई भेट्न आएका होउन् । सबै जना एउटै पाराका प्रवचन दिन्छन्, "अब धेरै दायाँ बायाँ दिमाग नलगाउनोस्, शरीर र मनलाई प्रयाप्त आराम दिनोस् । ईश्वरको स्मृतिमा समय बिताउनोस् ।" कतिपय आगन्तुक त सरोकारवाला डाक्टरभन्दा पनि दुई पाइलाअगाडि सरेर फ्री अफ कस्ट ज्ञान बाँड्छन्, "फलानो प्राणायाम गर्नोस्, गज्जब फाइदा हुन्छ । ढिकाना सामग्री हालेको सुप पिउनोस्, सबै समस्याको समाधान हुनेछ । फलानो महात्माको शरणमा जानोस्, कल्याण हुन्छ ।" कोहीकोही त मन्त्र र जापको जुक्ति पनि सम्झाउँछन्, "यो मन्त्रको उच्चारण एक सय आठपटक नियमित रूपमा गर्नोस्, सारा समस्या बेपत्ता हुनेछन् ।" नरेन्द्रमान ट्वा परेर सबैको कन्थो सुनिराख्छन् । अरूको अर्तिउपदेश सुन्दासुन्दै उनी वाकवाक भएका छन् । कोही भेट्न आयो कि मुख ठुस्स पार्दै टिभीको रिमोट थिच्न थाल्छन् । कार्यक्रम रोचक होस् अथवा नहोस्, भोल्युम जानाजानी बढाउँछन् । आगन्तुक साह्रै ढिट परे भने उनी आँखा बन्द गरेर त्यहीँ पल्टिन्छन्, "टाउको दुख्यो रे ।" साह्रै उराठ लागेर आयो भने युट्युबमा पचास दशक पुराना हिन्दी सिनेमा खोजेर हेर्न थाल्छन् । त्यो पनि कतिबेरसम्म ? घरि अखबार अथवा किताबमा मन भुलाउने प्रयास गर्छन् । घरि बार्दली गएर बसिदिन्छन् । बाहिरका दृश्य टुलुटुलु हेरिराख्छन् । बिस्तारै नरेन्द्रमान झनैझनै दुर्बल हुँदै गए, शारीरिक र मानसिक दुवै मामिलामा । कसैले अलि जवरजस्ती गर्न खोज्यो कि आँखाबाट बर... आँसु झर्न थाल्छ । भोख छैन भनेर खाना पनि जुठो छोड्न थालेका छन् । दाह्री खौरिन पनि अल्छी मान्न थालेका छन् । औपचारिक पहिरन प्रयोगमा नलिएको महिना नै बितेछ । घरका मान्छेले केही भन्यो कि रून्चे मुख बनाउँदै एउटै कुरो दोहर्याउँछन्, "अब धेरै दिन बाँच्दिनँ जस्तो छ ।" घरि पेट दुखेर आउँछ, घरि छाती र घरि टाउको दुखेर आउँछ । डाक्टरहरू पनि हैरान थिए । पैथोलोजिकल रिपोर्टसमेत कुनै समस्या देखिएन । उनीहरूको दृष्टिमा यस्ता लक्षण उनको नकारात्मक मनोविज्ञानको कारण उब्जिँदै छन् । छोराबुहारीको चिन्ता थपिँदै गयो । के गर्दा ठीक हुन्छ भनेर बुद्धि जुरेको थिएन ।

केही दिनपछि आफ्नो वार्षिक परीक्षा सक्याएर नरेन्द्रमानको जेठो नाति, अभिमन्यु पनि घर आइपुग्यो । एक दुई महिना नै बस्ने गरी । उसले आफ्ना हजुरबाको दैनिकी, उनको व्यवहार र उनका साथ हुने व्यवहारको अनुगमन बडो सूक्ष्म तरिकाले गर्यो । र, एक रात उसका हजुरबा र हजुरआमा सुत्न गइसकेपछि उसले हटात् बम फोड्यो, "तपाईंहरू सबै जना मिलेर हजुबालाई मन्द विष दिइराख्नु भएछ ।" अभिमन्युले यस्तो आरोप लगाएपछि घरमा साढे सात रेक्टर स्केलको भुईंचालो नजाने कुरै भएन । "त्यसो भए, तिमी नै भन, के गर्दा ठीक हुन्छ ? तिमी त महान ज्ञानीध्यानी मान्छे पर्यौ । हामीहरू पर्यौं अनपढ र अज्ञानी ।" सबैजना चर्किए । क्षमा माग्दै उसले आफ्नो आरोपलाई सच्यायो, "मेरो भनाईको अन्यथा अर्थ नलागोस् । उनी शारीरिक रूपमा असक्त भएका छन् । यो अवस्था त हरेक मान्छेको जीवनमा आउँछ नै । तर तपाईंहरू जानअनजानमा उनलाई मानसिक रूपमा समेत बिरामी बनाउँदै हुनुहुन्छ । चिन्तापिकरी जाहेर गर्दागर्दै उनको स्वाभिमानमा चोट पुर्याउनु भयो । हिजोसम्म उनी स्वनिर्भर मात्र होइन, आफ्नो घरको असल मुखिया थिए । अब उनी परनिर्भर भएका छन् । निर्देशन लिनेहरू निर्देशन दिन थालेका छन् । इट्स नट फेयर ।" "तिमीलाई थाहा छ, अलि तलमाथि भयो कि उनको ज्यानलाई खतरा हुन सक्छ ।" उसको बुवा नहकुलले चिन्ता जाहेर गर्यो । "हजुरहरूको चिन्ता आफ्नो ठाँउमा एकदम जायज छ । तर उनको मनोविज्ञान पनि बुझ्नु पर्यो नि । हजुरबालाई फगत जीवन मात्र होइन, जीवन्तता पनि चाहियो । उनको आफ्नै आवास कारावासजस्तै भएछ ।" अभिमन्युको तर्कमा दम थियो । सबै जना मौन भए । जोसिँदै उसले सुझायो, "उहाँलाई थोरबहुत भए पनि आसपासका ठाउँहरूमा आवतजावत गर्ने छुट दिनुपर्यो । उहाँलाई धेरै अर्तिउपदेश दिने काम बन्द गरौं । त्यो उहाँसँग प्रयाप्त छ, अब उहाँलाई मन भुलाउने अवसर दिने काम गरौं । अब उहाँका अगाडि उभिएर हामीले सहानुभूति अथवा दया-करूणा प्रकट गरिराख्ने होइन । उहाँका साथ केही बेर बस्ने गरौं, उहाँका साथ हयौंलीठट्यौंली गरौं । आज पनि उहाँ आफ्नो परिवारको लागि उतिकै महत्त्वपूर्ण हुनुहुन्छ, जति हिजोअस्ति हुनुहुन्थ्यो, त्यो सन्देश दिने काम गरौं । कोही पनि वृद्ध अथवा वृद्धा बाँच्न त चाहन्छन्, तर लक्ष्यविहीन भएर होइन । उहाँलाई पनि एक लक्ष्य दिनुपर्यो । नभए कुनै सामाजिक काममै अल्झाइ दिनुपर्यो ।" "तर अलि लापरवाही भयो भने उहाँको ज्यान पनि जान सक्छ ।" सबैले मसिनो स्वरमा चिन्ता पुनः दोहर्याए । "उहाँलाई अहिले नै जिउँदो लासमा परिणत गर्नुभन्दा अलिअलि जोखिम मोलेकै श्रेयस्कर हुनेछ । बरू सक्दो सावधानी पनि राखौं । निगरानी राखौं, तर उहाँलाई सहज हुने गरी । कुनै पनि निर्णय उहाँउपर जबरजस्ती न थुपारौं, बरू विश्वासमा लिने काम गरौं ।" अभिमन्युको सुझावबाट सबै जना सहमत थिए । नरेन्द्रमानको लागि फरक खाले दैनिकी बनाउनमा उनीहरू व्यस्त भए ।

अर्को दिनदेखि नरेन्द्रमानको बिहानीको समय करेसाबारीमा बित्न थाल्यो, साँझको चिया पसलमा । तर एक निश्चित समयका लागि । आवश्यक औषधीपानीका साथ सुसारे उनको वरिपरि नै रहन्थ्यो । छोराबुहारीहरू कामबाट फर्किएपछि नरेन्द्रमानकै साथ बसेर उनका साथ कस्तीमा एक घन्टा कैरेम खेल्न थाले । "बुवा ! मेरो अफिसमा फलानो समस्या आइलाग्या छ, हजुरको सुझाव चाहियो । बुवा मलाई ढिकानो धर्मसंकट आइपर्या छ, हजुरको मार्गदर्शन चाहियो ।" यस्तैयस्तै बहाना झिक्दै छोराबुहारीहरू नरेन्द्रमानसित सुझावहरू माग्न थाले । प्रत्येक शनिवार दिउँसो, नरेन्द्रमानका समकक्षी मित्रहरूको जमघट उनकै घरमै हुन थाल्यो । छोराबुहारीहरू छुट्टीको दिन पारेर मन्दिरतिर जान लाग्दा बाआमालाई समेत सँगै लैजान थाले । "बुवा, हजुरको हातबाट बनेको चियामा क्या दामी हुन्छ, त्यही पिउने मन भयो आज त । बुवा, हजुरको करेसाबारीमा उब्जिएको गोलभेडाको स्वाद त साह्रो राम्रो रहेछ नि ।" यस्तैयस्तै कुराहरू बुहारीहरूले झिक्न थालेकी छन् । नातिनातिनीहरू पनि नरेन्द्रमानसँगै बसेर ल्यापटपमा भिडियो गेम खेल्न थालेका छन् । बिस्तारै नरेन्द्रमान पनि तग्रिदै गए । उनलाई आफ्नो पुरानो रवाफमा फर्किन एक महिना पनि लागेन । आफ्नै टोलमा अवस्थित एक सामुदायिक स्कुलको व्यवस्थापनमा समेत समय दिन थालेका छन् । छिमेकबाट केही बच्चाहरू ट्युसन पढ्न उनको घरमै आउन थालेका छन् । उनका लेखहरू समाचारपत्रहरूमा प्रकाशित हुन थालेका छन् । नरेन्द्रमान टोलछिमेकका वृद्धवृद्धाहरूका लागि एक आदर्श भएका छन् । अचेल नहकुल आफ्ना समकक्षी साथीहरूलाई सुझाव दिँदै हिँड्छ, "हेर बाबु, सबैले आफ्ना आफ्ना अभिभावकको लामो उमेरको कामना गर्छन् । तर हेक्का राख्नु, उमेर र आयु, दुवै फरक कुरा हुन् । उमेरजति सुकै लामो भए पनि जीवन्तता छैन भने त्यस्तो लामो उमेरको काम नै छैन । हामीहरू आफ्ना अभिभावकको लामो उमेरको लागि होइन, गहिरो आयुको लागि कामना गर्नुपर्छ ।"

*-साहित्यपोष्ट डटकम*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ को मृत्यु

**पाल्पा,** असोज १९/देशका विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार काठमाडौं, तेह्रथुम, सुनसरी, धनुषामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको हो ।

काठमाडौं महानगरपालिका-२८ भद्रकालीस्थित सडकमा ट्रक र स्कुटर एक आपसमा ठोक्किदा स्कुटर चालकको मृत्यु भएको छ । प्र-३-०१-००१ ग ३७०५ नम्बरको ट्रक र बा.प्र-०२-०१८ प ९२७७ नम्बरको स्कुटर एकआपसमा ठक्कर खाँदा स्कुटर चालक सोही महानगरपालिका-१३ ताहाचल बस्ने ३२ वर्षीया आकृति शर्माको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै तेह्रथुमको आठराई गाउँपालिका-४ इवामामा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मे.१ त ३०७६ नम्बरको ट्याक्टर सडकबाट करिब १० मिटर तल खसेर दुर्घटना हुँदा चालक सुनसरी इनरूवा नगरपालिका-७ तित्रीवनका ४० वर्षीय नवाज सतारको मृत्यु भएको हो । यस्तै सुनसरीको गढी गाउँपालिका-५ थलाहामा पनि ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । को. १ त ४८३५



नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही गाउँपालिका-६ बस्ने प्रमिला देवी मण्डलको मृत्यु भएको हो । उनको बिराट टिचिङ हस्पिटल टंकीमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै सुनसरीकै धरान उपमहानगरपालिका-८ लाङगालीस्थित सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिदाँ स्कुटर चालकको मृत्यु भएको छ । को.१ ख ४०६३ नम्बरको ट्रकले प्र.१-०२ ०४५ प ३७४ नम्बरको स्कुटरलाई शुक्रबार बिहान ठक्कर दिँदा स्कुटर चालक इटहरी उपमहानगरपालिका-९ का ४५ वर्षीय आशबहादुर राईको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको धरान घोपामा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका स्कुटरमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै धनुषाको बटेश्वर गाउँपालका-३ दहालटोलस्थित सडकमा ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिदाँ एक जनाको मृत्यु भएको छ । प्र.२-०२-००१ प ६३६६ नम्बर र ज.१० प २५७ नम्बरको मोटरसाइकललाई ज.१ त ९३५८ नम्बरको ट्याक्टरले ठक्कर दिँदा प्र.२-०२-००१ प ६३६६ नम्बरको मोटरसाइकलमा सवार सोही गाउँपालिका-५ बस्ने ४० वर्षीया रेखा देवी महतोको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका ज.१० प २५७ नम्बरको मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । यसैगरी धनुषाको औरही गाउँपालिका-१ पौडेश्वर पुलमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । प्र.२-०२-००६ प ९१०० नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक विदेह नगरपालिका-८ बफै बस्ने २६ वर्षीय राम मण्डलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# विद्यार्थीमा प्रविधिको प्रयोग...

...अभिभावक चोकलाल तिवारीले प्रविधिको अधिकतम प्रयोग गर्ने विद्यालयको प्रयासले अभिभावकमा नयाँ आशा जगाएको बताए । उनले शिक्षककै कोठामा गएर पढ्नुपर्ने नियमका कारण आफ्ना छोराछोरीमा सिर्जनशीलता र क्रियाशीलताको विकास भएको बताए । उनले जिल्लाका उत्कृष्ट विद्यालयसँग प्रतिस्पर्धा गर्नका लागि नमुना र शैक्षिक स्तर राम्रो भएका विद्यालयहरूमा गएर यहाँका शिक्षकहरूलाई सिक्न समेत सुझाव दिए । विद्यालयका शिक्षक प्रकाश न्यौपानेले बढ्दो बसाइँसराइका कारण गाउँ खाली भएको अवस्थामा प्रविधिको प्रयोगसहितको यो पद्धतिले विद्यार्थी टिकाउन सहज भएको बताए । उनले विद्यार्थी शिक्षकको कोठामा अध्ययन गर्न आउने परिपाटीले शिक्षक र विद्यार्थीबीच आत्मीयता, सद्भाव, सिर्जनशीलता र रुचिको विकास भएको दाबी गरे । जिल्ला शिक्षा समन्वन एकाइ स्याङ्जाका प्रमुख विश्वराज आचार्यले स्याङ्जामा 'आइसिटी'को प्रयोग गर्ने विद्यालयहरूको संख्या बढ्दै गएको बताए । उनले प्रविधिको सही प्रयोग गरेका यहाँका विद्यालयहरूबाट सकारात्मक नतिजासमेत आइरहेको दाबी गरे । 'प्रविधिको उच्चतम प्रयोग गर्ने क्रममा विद्यार्थीमा देखिएको गलत आचरण र व्यवहार हटाउनसमेत हामीहरू प्रयासरत छौं', प्रमुख आचार्यले भने,'विद्यार्थीले प्रविधिको गलत प्रयोग गर्न सक्ने सम्भावनासमेत रहने हुँदा अभिभावकलाई पनि चनाखो हुन सुझाव छ ।' *-रासस*


## हार्दिक बधाई तथा शुभकामना





बसन्तलाल बज्राचार्य



अनुराधा शाक्य बज्राचार्य



निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन पाल्पा) का सहयोगी, शुभचिन्तक, सफल व्यवसायी र समाजसेवीहरु बसन्तलाल बज्राचार्य धर्मचक्र बौद्ध युवा संघको अधिवेशनबाट गरिमामय अध्यक्ष, उपाध्यक्षमा नारायण बहादुर बज्राचार्य, सचिवमा अनुराधा बज्राचार्य, कोषाध्यक्ष जितेन्द्र बज्राचार्य साथै असनटोल टोल विकास समितिको अधिवेशनबाट अध्यक्षमा अनुराधा शाक्य बज्राचार्य, उपाध्यक्षमा सुनिता थैव, सचिव सुनिता प्रधान र कोषाध्यक्ष दिप्ती शाक्य बज्राचार्य निर्वाचित हुनुभएकोमा उहाँहरुसहित सम्पूर्ण नवनिर्वाचित सदस्यहरुमा **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं । धन्यवाद ! भवतु सब्ब मंगलम् ।

अशेष भट्टराई
सचिव

एवं

महेशमान बज्राचार्य
अध्यक्ष

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन प्याब्सन पाल्पा परिवार
तानसेन, पाल्पा


खेलकुद समाचार

# बंगलादेशलाई हराउँदै भारत फाइनलमा



**काठमाडौं,** असोज १९/बंगलादेशलाई ९ विकेटले हराउँदै भारत चीनमा जारी एसियाली खेलकुदको पुरुष क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । बंगलादेशले प्रस्तुत गरेको ९७ रनको न्यून लक्ष्य भारतले ९.२ ओभरमा मात्र एक विकेटको पछ्याएको हो ।

भारतको सुरुवात भने राम्रो भएन । यशस्वी जैस्वाललाई भारतले पहिलो ओभरमा नै शून्य रनमा गुमाएको थियो । तर, त्यसपछि रुतुराज गैकवाडले २६ बलमा ४० तथा तिलक वर्माले समान बलमा ५५ रनको इनिङ्स खेलेपछि भारतले ६४ बल अगावै लक्ष्य भेटायो । यसअघि शाई किशोरले ३ तथा वासिङ्टन सुन्दरले २ विकेट लिए पछि बंगलादेशले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा ९६ रन मात्र बनाएको थियो । बंगलादेशका लागि जाकल अलीले सर्वाधिक २४ तथा परभेज होसेन इमोनले २३ रनको योगदान दिए ।

यसैगरी एसियाली खेलकुद अन्तर्गत क्रिकेटमा पाकिस्तानलाई हराउँदै अफगानिस्तान फाइनलमा पुगेको छ । चीनको हाङझाउमा शुक्रबार भएको दोस्रो सेमिफाइनल खेलमा अफगानिस्तानले पाकिस्तानलाई ४ विकेटले हरायो । पाकिस्तानले दिएको १ सय १६ रनको सामान्य लक्ष्य अफगानिस्तानले १७ ओभर ५ बलमा ६ विकेट गुमाएर भेटायो । अफगानिस्तानका नूर अली जदरानले सर्वाधिक ३९ रन बनाए । यस्तै कप्तान गुलबदिन नइबले नटआउट २६ रन बनाए । बलिङतर्फ पाकिस्तानका अराफत मिनहस र उस्मान कदिरले २/२ विकेट लिए । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको पाकिस्तान १८ ओभरमा १ सय १५ रन बनाउँदा अल आउट भयो । पाकिस्तानका ओभर युसुफले सर्वाधिक २४ रन बनाए । बलिङतर्फ अफगानिस्तानका फरीद अहमदले ३ तथा कइस अहमद र जहिर खानले २/२ विकेट लिए । अब अफ्गानिस्तानले फाइनलमा आज शनिबार भारतसँग खेल्नेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


कर्पोरेट/अर्थ समाचार

# एभरेष्ट बैंकले दियो चालकहरुलाई वित्तीय साक्षरता



**पाल्पा,** असोज १९/एभरेष्ट बैंक लिमिटेडले ले चालकहरुलाई वित्तिय साक्षरता दिएको छ । उसले नेपाल अटो तथा इ-रिक्सा यातायात प्रा.लि. तिलोत्तमा रुपन्देहीमा आवद्ध चालकहरुलाई वित्तीय साक्षरता दिएको हो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर भैरहवाका प्रमुख सतेन्द्रराज सुवेदी तथा एभरेष्ट बैंकका बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रतीले एक सय जना भन्दा बढी टेम्पो तथा इ-रिक्सा चालक र महिला उद्यमीहरुलाई वित्तिय साक्षरता सचेतना प्रदान गरे । सो वित्तिय साक्षरता सचेतना कार्यक्रमा उप्रेतीले स-साना बचतले पनि भविष्यमा आइपर्ने जोखिम व्यवस्थापन गर्न मद्दत पुग्ने बताए । यस्तै बैंकले फोन पे को सहकार्यमा क्यूआर कोड समेत हस्तान्तरण गरेको छ । लम्बिनी कृषि उपज थोक बजार तिलोत्तमा-५ मणिग्राम रुपन्देहीमा आयोजित एक विशेष कार्यक्रमा नेपाल अटो तथा इ-रिक्सा यातायात प्रा.लि.का ५५ भन्दा बढी सदस्यहरुलाई क्यूआर कोड हस्तान्तरण गरिएको हो । तिलोत्तमा नगरपालिकाका उप-प्रमुख जागेश्वर देवी चौधरी र बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले क्यूआर कोड हस्तान्तरण गरेका हुन् । उप-प्रमुख चौधरीले एभरेष्ट बैंकको यस वित्तिय साक्षरता तथा क्यूआर कोड हस्तान्तरण कार्यले सर्वसाधरणहलाई सरल तथा सुरक्षित बैंकिङ्ग सुविधा उपलब्ध हुने विश्वास व्यक्त गरिन् । बैंकका प्रमुख कार्यकारी अधिकृत खलिङले लम्बिनी कृषि उपज थोक बजार तिलोत्तमा-५ मणिग्राम रुपन्देहीका सर्वसाधारणहरु माझ यसरी वित्तिय साक्षरता प्रदान गर्न पाउँदा खुसी लागेको र यसले सम्पूर्ण त्तिलोत्तमा बसीहरुमा सुरक्षित बैंकिङ्ग गर्न हौसाल मिल्ने बताए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई